# वैतेश्वर राजपत्र


**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ७) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल साउन १५ गते २०८१ (संख्या ५**


## भाग २

## व्यवसायिक कृषि तथा पशुपन्छी फार्म/कृषक समूह दर्ता कार्यविधि, २०८१

**(गाउँ कार्यपालिकाबाट पारित)**

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।२९)

**प्रस्तावनाः**

निर्वाहमुखि कृषि क्षेत्रको उत्पादनलाई परम्परागत तथा निर्वाहमुखि अवस्थाबाट दिन प्रतिदिन आधुनिक तवरले व्यवसायीकरण गरेर प्रतिस्पर्धि रुपमा सक्षम बनाउन आवश्यक छ। यसका लागि कृषिजन्य तथा पशुपन्छी जन्य उत्पादन, प्रशोधन तथा बजारीकरण गरी कृषकलाई थप सहयोग तथा कार्यकमलाइ अझ बढि प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउन र कृषि तथा पशुपन्छी जन्य व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रवर्द्धन एवं गरिबी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउनुको साथै बढ्दो बैदेशिक पलायन दरलाई निरुत्साहित गरी यस गाउँपालिकामा कृषि तथा पशुपन्छी जन्य व्यवसायको माध्यमबाट गाउँपालिकालाई आवश्यक कृषि तथा पशुपन्छी जन्य मागलाई पूर्ति गरी बढि भएको उत्पादन पालिका बाहिर निर्यात गरी कृषि तथा पशुपन्छी जन्य व्यवसायबाट कृषकको जीवनस्तर उकास्नुको साथै यस गाउँपालिकाको विभिन्न निति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शि र प्रभावकारी रुपमा संचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा(७) ले दिएको अधिकार प्रयोग गरी वैतेश्वर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः** १. यो कार्यविधिको नाम **"व्यवसायिक कृषि तथा पशुपन्छी फार्म/कृषक समूह दर्ता कार्यविधि २०८१"** रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"गाउँपालिका"** भन्नाले वैतेश्वर गाउँपलिका लाई सम्झनु पर्दछ ।

ख) **"कार्यालय"** भन्नाले वैतेश्वर गाउँपालिकाको कार्यालय लाई सम्झनु पर्दछ ।

ग) **"शाखा"** भन्नाले वैतेश्वर गाउँपालिकाको कृषि/पशुपन्छी विकास शाखा लाई सम्झनु पर्दछ ।

घ) **"निजि फार्म"** भन्नाले एकल वा साझेदारीमा रहि यस शाखामा दर्ता भएको फार्म लाई सम्झनु पर्दछ ।

ङ) **"कृषक समूह"** भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यमा आबद्ध भई यस शाखामा दर्ता भएको कृषक समूह लाई सम्झनु पर्दछ।

च) **"कार्यविधि"** भन्नाले व्यवसायिक कृषि तथा पशुपन्छी फार्म/कृषक समूह दर्ता कार्यविधि २०८१ लाई सम्झनु पर्दछ।

**३) उद्देश्यहरु :**

क) कृषि/पशुपन्छी विकास शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने ।

ख) गाउँ सभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने।

ग) संभाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुर्याउने।

घ) कृषि तथा पशुपन्छी व्यवसायको उद्यमशिलता प्रबर्द्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाइ लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरुप अनुदान प्रदान गर्ने।

ङ) कृषि तथा पशुपन्छी व्यवसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्न र उत्पादन लागत न्युनिकरण गर्ने।

च) कृषि तथा पशुपन्छी व्यवसायलाई प्रभावकारी तरिकाले संचालन गर्नको लागि विभिन्न प्रकारका बिउ, रासायनिक मल, कृषि औजार तथा बिभिन्न प्रकारका तालिमहरु समय समयमा संचालन गर्ने।

## परिच्छेद-२

## व्यवसायिक कृषि तथा पशुपन्छी फार्म दर्ता

**४) दर्ता प्रक्रियाः** यस गाउँपालिका भित्रका कृषि तथा पशुपन्छी र मत्स्यपालन पेशा गर्दै आइरहेका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा तपशिल बमोजिमको कुनै एक न्युनतम मापदण्ड पुरा गरि प्राविधिकबाट फार्म/समूह दर्ता गर्न उपयुक्त देखिएमा कृषि/पशुपन्छी शाखामा फार्म दर्ता गरिनेछ ।

**कृषि फार्म/समूह दर्ताको न्युनतम मापदण्ड**

**(क). कृषि तर्फ**

**१. प्लाष्टिक टनेल खेति**

- प्लाष्टिक टनेल कम्तिमा ५/१० मिटरको ५ वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको हुनुपर्दछ।

**२. खुला तरकारी खेति**

- यस तरिकाबाट तरकारी खेति गर्दा कम्तिमा २ रोपनी भन्दा बढिमा व्यवसायीक रुपमा सिजन अनुसारको तरकारी उत्पादन गरेको हुनुपर्दछ।

**३. फलफुल खेति**

- फलफुल खेतिहरु जस्तै : सुन्तलाजात फलफुल, किवि, एभोकाडो, हलुवावेद, केरा, आँप, लिचि, आरुबखडा, नास्पति आदिको हकमा व्यवसायीक रुपमा ३ रोपनी भन्दा बढिमा फलफुल खेति गरिएको हुनुपर्दछ।

**४.च्याउ खेति (सिताके, कन्ये, गोब्रे लगायत)**

- च्याउ खेति व्यवसायीक रुपमा करिब २ वटा च्याउ घर (५/१० मिटर) निर्माण गरी खेति गरेको हुनुपर्दछ।

**५. मौरी पालन**

- मौरी पालनको हकमा आधुनिक घार १० वटा घार भन्दा बढिमा पालन गरेको हुनुपर्दछ।

**६. चिया तथा कफि खेति**

- चिया तथा कफि खेति गर्दा कम्तिमा ३ रोपनीमा व्यवसायीक रुपमा खेति गरेको हुनुपर्दछ।

**७. कृषि बाली खेति**

- कृषि बाली बस्तु जस्तै : खाद्यान्न, दलहन, तेलहन, औद्योगिक, मसला बाली आदिको हकमा व्यवसायीक रुपमा ५ रोपनी भन्दा बढिमा खेति गरेको हुनुपर्दछ।

**८. तरकारी तथा फलफुल नर्सरी खेति**

- तरकारी तथा फलफुल नर्सरीको हकमा कम्तिमा २ रोपनी क्षेत्रफलमा नर्सरी स्थापना गर्नुपर्नेछ।

**९. अन्य बाली बस्तु**

- कृषकले माथि उल्लेखित बाहेक अन्य कुनै बाली बस्तु उत्पादन गर्न चाहेमा कृषि प्राविधिकको सिफारिसको आधारमा गर्नुपर्नेछ।



वैतेश्वर राजपत्र

**(ख). पशुपन्छी तथा मत्स्य तर्फ**

**१. भैंसी पालन**

- भैंसी पालनको हकमा कम्तिमा २ वटा माउ र १ वटा पाडा वा पाडी पालन गरेको हुनुपर्दछ।

**२. गाई पालन**

- गाई पालनको हकमा कम्तिमा २ वटा माउ र १ वटा बाच्छा वा बाच्छी पालन गरेको हुनुपर्दछ।

**३. बाख्रा पालन**

- बाख्रा पालनको हकमा माउ पाठा गरि कम्तिमा १० वटा बाख्रा पालन गरेको हुनुपर्दछ।

**४. कुखुरा पालन**

- कुखुरा पालनको हकमा कम्तिमा ५० वटा कुखुरा पालन गरेको हुनुपर्दछ।

**५. बंगुर पालन**

- बंगुर पालनको हकमा पाठा पाठी विक्रि वितरणको लागि कम्तिमा २ वटा माउ बंगुर हुनुपर्दछ भने मासु विक्रि वितरणका लागि कम्तिमा ५ वटा बंगुर (माउ/पाठा सहित) पालन गरेको हुनुपर्दछ।

**६. माछा पालन**

- माछा पालनको हकमा कम्तिमा २०० वर्ग.मि क्षेत्रफलमा माछा पालन गरेको हुनुपर्दछ।

**कृषक समूह दर्ताको न्युनतम मापदण्ड**

**(ग). कृषि तर्फ**

**१. प्लाष्टिक टनेल खेति**

- प्लाष्टिक टनेल कम्तिमा ५/१० मिटरको २० वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको हुनुपर्दछ।

**२. खुला तरकारी खेति**

- यस तरिकाबाट तरकारी खेति गर्दा कम्तिमा १० रोपनी भन्दा बढिमा व्यवसायीक रुपमा तरकारी उत्पादन गरेको हुनुपर्दछ।

**३. फलफुल खेति**

- फलफुल खेतिहरु जस्तै : सुन्तलाजात फलफुल, किवि, एभोकाडो, हलुवावेद, केरा, आँप, लिचि, आरुबखडा, नास्पति आदिको हकमा व्यवसायीक रुपमा २० रोपनी भन्दा बढिमा फलफुल खेति गरिएको हुनुपर्दछ।

वैतेश्वर राजपत्र

**४.च्याउ खेति(सिताके, कन्ये, गोब्रे लगायत)**

- च्याउ खेति व्यवसायीक रुपमा करिब १० वटा च्याउ घर (५/१० मिटर) निर्माण गरी खेति गरेको हुनुपर्दछ।

**५. मौरी पालन**

- मौरी पालनको हकमा आधुनिक घार ३० वटा घार भन्दा बढिमा पालन गरेको हुनुपर्दछ।

**६. चिया तथा कफि खेति**

- चिया तथा कफि खेति गर्दा कम्तिमा ३० रोपनीमा व्यवसायीक रुपमा खेति गरेको हुनुपर्दछ।

**७. कृषि बाली खेति**

- कृषि बाली बस्तु जस्तै : खाद्यान्न, दलहन, तेलहन, औद्योगिक, मसला बाली आदिको हकमा व्यवसायीक रुपमा ३० रोपनी भन्दा बढिमा खेति गरेको हुनुपर्दछ।

**८. तरकारी तथा फलफुल नर्सरी खेति**

- तरकारी तथा फलफुल नर्सरीको हकमा कम्तिमा १० रोपनी क्षेत्रफलमा नर्सरी स्थापना गर्नुपर्नेछ।

**९. अन्य बाली बस्तु**

- कृषकले माथि उल्लेखित बाहेक अन्य कुनै बाली बस्तु उत्पादन गर्न चाहेमा कृषि प्राविधिकको सिफारिसको आधारमा गर्नुपर्नेछ।

**(घ). पशुपन्छी तथा मत्स्य तर्फ**

**१. भैंसी पाल**

- भैंसी पालनको हकमा कम्तिमा १० वटा माउ र १० वटा पाडा वा पाडी पालन गरेको हुनुपर्दछ।

**२. गाई पालन**

- गाई पालनको हकमा कम्तिमा १० वटा माउ र १० वटा बाच्छा वा बाच्छी पालन गरेको हुनुपर्दछ।

**३. बाख्रा पालन**

- बाख्रा पालनको हकमा माउ पाठा गरि कम्तिमा ५० वटा बाख्रा पालन गरेको हुनुपर्दछ।

**४. कुखुरा पालन**

- स्थानीय जातको कुखुरा पालनको हकमा कम्तिमा ५०० वटा कुखुरा र उन्नतजातको हकमा कम्तिमा १००० वटा कुखुरा पालन गरेको हुनुपर्दछ।

वैतेश्वर राजपत्र

**५. बंगुर पालन**

- बंगुर पालनको हकमा पाठा पाठी विक्रि वितरणको लागि कम्तिमा १० वटा माउ बंगुर हुनुपर्दछ भने मासु विक्रि वितरणका लागि कम्तिमा १५ वटा बंगुर (माउ/पाठा सहित) पालन गरेको हुनुपर्दछ।

**६. माछा पालन**

माछा पालनको हकमा कम्तिमा १००० वर्ग.मि क्षेत्रफलमा माछा पालन गरेको हुनुपर्दछ ।

**<u>५) संयुक्त फार्म/समूह दर्ता:</u>** १) संयुक्त रुपमा कृषि तथा पशुपन्छी फर्म दर्ता गर्नुपरेमा दफा ४ मा उल्लेखित कृषि तथा पशुपन्छी फर्म/समूहहरुको कुनै एक न्यूनतम मापदण्ड पुरा गर्नुपर्नेछ ।
२) संयुक्त फर्म/समूह दर्ताको प्रमाणपत्र अनुसूची - ४ बमोजिम हुनेछ ।
३) प्रमाण पत्र दर्ता तथा नविकरण शुल्क गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।
४) कुनै पनि कृषि तथा पशुपन्छी फार्म/समूह अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गर्नुपर्दछ ।
५) उपदफा २ बमोजिम जारी गरिएको प्रमाणपत्र आ.व.को अवधि समाप्त भएको मितिले ३ महिना भित्र नविकरण गरिसक्नुपर्नेछ । ३ महिना भित्र नविकरण गर्न नआएमा दोब्बर दस्तुर बुझाई नविकरण गर्न बाँकी ३ महिनाको लागि समय प्रदान गरिनेछ । नविकरण समाप्त भएको मितिले १ वर्ष भित्र फार्म नविकरण नगरेमा स्वतः खारेज हुनेछ ।

**<u>६) कृषि तथा पशुपन्छी फार्म/समूह दर्ताको लागि आवश्यक कागजात:</u>**

- अनुसूचि १ अनुसारको निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- चार किल्ला प्रमाणित सर्जिमिन मुचुल्का
- जग्गा भाडामा भए सो को करारनामा (कम्तिमा ५ वर्षको)
- व्यक्तिगत वा संगोलमा भए स्वघोषणा / मञ्जुरीनामा
- राजस्व खातामा राजस्व बुझाएको रसिद
- सम्बन्धित वडा कार्यालयको सिफारीस
- संस्थाको छाप

**<u>७) कृषक समूह दर्ताको लागि आवश्यक कागजात:</u>**

- अनुसूचि ३ अनुसारको निवेदन
- समूहको विधान २ प्रति
- स्वघोषणा पत्र
- राजस्व खातामा राजस्व बुझाएको रसिद



वैतेश्वर राजपत्र

- सम्बन्धित वडा कार्यालयको सिफारीस
- समूहको छाप

**परिच्छेद-३**

**विविध**

**८. बाधा अड्काउ फुकुवा हुनेः** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सोको फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**९. कार्यविधिमा संशोधनः** १) यस कार्यविधिमा थपघट वा संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

२) यस अघि व्यवसायिक कृषि तथा पशुपन्छी फार्म/कृषक समूह दर्ता सम्बन्धमा भए गरेका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

वैतेश्वर राजपत्र

**अनुसूची - १**

**फार्म दर्ताको लागि निवेदनको ढाँचा**

मिति:

श्रीमान शाखा प्रमुख ज्यू,
कृषि/पशुपन्छी विकास शाखा,
वैतेश्वर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
पाँडुडाँडा, दोलखा ।

**विषय : फार्म दर्ता गरी पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा यस वैतेश्वर गाउँपालिका वडा नं. ...... मा मैले .......... क्षेत्रफलमा मिति.............. देखी .......... पालन/बाली खेति गर्दै आइरहेको वा मिति ................. भित्रमा ........क्षेत्रफलमा व्यवसायीक रुपमा........ बाली खेति गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु ............को कारोबार हुने गरी .............. नामको फार्म दर्ता गरी पाउँ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी फार्म दर्ताको लागि यो निवेदन पेश गरेको छु।

**संलग्न कागजातहरु:**

- ❖ निवेदन
- ❖ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- ❖ चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- ❖ जग्गा भाडामा भए सो को सम्झौता पत्र
- ❖ व्यक्तिगत वा संगोलमा भए स्वघोषणा / मञ्जुरीनामा
- ❖ राजस्व खातामा राजस्व बुझाएको रसिद
- ❖ सम्बन्धित वडा कार्यालयको सिफारीस
- ❖ न्युनतम मापदण्ड अनुसार व्यवसाय नविकरणको हकमा वडाको कृषि प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन

निवेदक

नाम
ठेगाना
सर्म्पक नं
ईमेलः
दस्तखतः

**अनुसूची - २**

**वैतेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कृषि/पशुपन्छी विकास शाखा**

**पाँडुडाँडा, दोलखा**

**<u>कृषि/पशुपन्छी व्यवसायिक फार्म दर्ता प्रमाण पत्र</u>**

१. दर्ता नं. :- दर्ता मिति :

२. फार्मको नाम :-

३. जम्मा पुँजी :-

४. फार्म धनिको नाम :

५. फार्मको उद्देश्य :

६. फार्म रहने ठेगाना :- जिल्ला :- गाउँपालिका :

वडा नं. :- टोल :-

७ खेति गरिने जमिनको क्षेत्रफल/पालन गरिने पशुपन्छीको संख्या:-

क. खेति गरिने बाली/पालिने पशु/पन्छीः

९. जम्मा पशुपन्छीको संख्या :-

माउ :- पाठापाठी /पाडापाडी /वाच्छा वाच्छी :-

अन्य : (कृषि तथा पशुपन्छी फार्म दर्ताको हकमा मात्र)

...................... ................................

शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र

**अनुसूची - ३**

**समूह दर्ताको लागि निवेदनको ढाँचा**

मिति:

श्रीमान शाखा प्रमुख ज्यु,
कृषि/पशुपन्छी विकास शाखा,
वैतेश्वर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
पाँडुडाँडा, दोलखा ।

**विषय : समूह दर्ता गरी पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा यस वैतेश्वर गाउँपालिका वडा नं. ...... मा हामि ..........जनाको कृषक समूहले कुल............. क्षेत्रफलमा मिति.............. देखी .......... बाली खेति गर्दै आइरहेको/पालन गर्दै आएको वा मिति ................. भित्रमा ........क्षेत्रफलमा व्यवसायीक रुपमा........ बाली खेति गर्ने/पालन थालनि गर्ने प्रतिबद्धता जनाउदै वार्षिक रु ............को कारोबार हुने गरी .............. नामको कृषक समूह दर्ता गरी पाउँ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी कृषक समूह दर्ताको लागि यो निवेदन पेश गरेको छु।

**संलग्न कागजातहरु:**

- निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- व्यक्तिगत वा संगोलमा भए स्वघोषणा / मञ्जुरीनामा
- राजस्व खातामा राजस्व बुझाएको रसिद
- सम्बन्धित वडा कार्यालयको सिफारीस
- न्युनतम मापदण्ड अनुसार व्यवसाय नविकरणको हकमा वडाको कृषि प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन
- निर्णयको प्रतिलिपि

निवेदक

नाम
ठेगाना
सर्म्पक नं
ईमेलः
दस्तखतः



वैतेश्वर राजपत्र

अनुसूची - ४

**वैतेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कृषि/पशुपन्छी विकास शाखा**

**पाँडुडाँडा, दोलखा**

**<u>समूह दर्ता प्रमाण पत्र</u>**

१. दर्ता नं. :- दर्ता मितिः

२. समूहको नाम :- समूहको प्रकृतिः

३. जम्मा पुँजी :-

४. अध्यक्षको नाम :

५. समूहको उद्देश्य :

६. समूह रहने ठेगाना :- जिल्ला :- गाउँपालिका :

वडा नं. :- टोल :-

७. सदस्य संख्याः

८. खेति गरिने जमिनको क्षेत्रफल :-

क. खेति गरिने बाली :

९. जम्मा पशुपन्छीको संख्या :-

माउ :- पाठापाठी /पाडापाडी /वाच्छा वाच्छी :-

अन्य :

| नविकरण गरेको आ.व. | नविकरण गरेको मिति | नविकरण कायम रहने अवधी | नविकरण गर्नेको दस्तखत, कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| ..................... | ..................... | .............................. |
|---|---|---|
| शाखा प्रमुख | शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

आज्ञाले

ऋषिराम ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र